# तानसेन नगरपालिकाको बाल संरक्षण नीति, २०७८

**प्रमाणीकरण मिति : २०७८।११।०५**

**प्रस्तावना :**

बाल अधिकार सम्बन्धी महासन्धि १९८९, नेपालको संविधान २०७२, बालबालिका सम्बन्धी ऐन, २०७५ र बाल श्रम ऐन, २०५६ अन्तर्गत रहेर तानसेन नगरपालिका भित्रका घरेलु हिंसामा परेका वालवालिकाहरु, सडक वालवालिकाहरु तथा शोषणमा परेका वालवालिकाहरुको लागि बाल संरक्षणका साझा मुल्य र मान्यताहरुलाई आचारसंहिताको रुपमा अवलम्बन गर्न एवं बाल संरक्षण हामी सबैको उत्तरदायत्व हुने भएकोले अधिकार संरक्षण, बाल बालिकाको सर्वोत्तम हित तथा बाल बालिका माथि हुनसक्ने सम्भावित दुरर्व्यवहारबाट सुरक्षा तथा संरक्षण गर्न नगरपालिबाट यो बाल संरक्षण नीति, २०७८ जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो नीतिको नाम : तानसेन नगरपालिकाको बाल संरक्षण नीति २०७८ रहेको छ ।

(ख) प्रारम्भः यो बाल संरक्षण नीति तानसेन नगरपालिकाले पारित गरेको मिति देखि लागू हुनेछ ।

**२. बाल संरक्षण नीतिको उद्देश्य :**

तानसेन नगरपालिकाको बालमञ्च तथा वाल क्लवका सदस्यहरु र अन्य सवै बाल बालिका माथि हुने तथा हुन सक्ने सम्भावित शारीरिक, मानसिक, यौनिक र संवेगात्मक दुर्व्यवहार, भेदभाव, वेवास्ता, शोषण, यातना तथा हिंसा र परम्परागत हानीकारक अभ्यासहरु जस्ता जोखिम तथा हानीबाट संरक्षण गर्न र बाल मैत्री शासनको विकास गर्ने ।

**३. बाल बालिकाको परिभाषा :**

बालबालिका अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी अनुसार बालबालिका भनेर १८ बर्ष मुनीका मानिस र नेपालको बाल बालिका सम्बन्धी एने, २०४८ (संशोधन २०७५) अनुसार १८ बर्ष मुनीका मानिसलाई बालबालिका मानिएको छ ।

**४. बाल संरक्षणको परिभाषा :**

बाल संरक्षण भन्नाले कुनै पनि बालबालिकालाई निजको अधिकार, सम्मान र विकासलाई नकरात्मक असर पर्ने क्रियाकलापहरु जस्तैः अपहेलना, उपेक्षा, विभेद, शारीरिक यातना तथा मानसिक पीडा, श्रम शोषण, यौन शोषण र दुर्व्यवहार लगायत सबै खालका हिंसा र जोखिमबाट जोगाउने कार्यलाई जनाउछ ।

**५. दुर्व्यवहारको परिभाषा :**

दुर्व्यवहार तव हुन्छ जव बयस्क वा अन्य बालबालिकाहरुबाट १८ बर्षमुनिका बालबालिका तथा नवयुवाहरुलाई शारिरीक, मानसिक या अन्य रुपले चोट पुऱ्याउने काम हुन्छ । जब कुनै बालबालिका वा नवयुवालाई उसको जानकारी वा सहमती लिइ या नलिई र जबर्जस्ती कुनै पनि प्रकारको व्यवहार वा यौनजन्य गतिबिधिमा सहभागी गराइन्छ तब यौन दुर्व्यवहार भएको ठहर्दछ ।
यौन दुर्व्यवहारहरुमा हाडनाता करणी, बलत्कार र संबेदनशील अङ्गहरु छुने गतिबिधिहरु पर्दछन् । यसै गरी बिना सम्पर्क गरिने क्रियाकलापहरुमा अश्लिल चित्र देखाउने वा इन्टरनेटद्वारा यौन उत्तेजित सामाग्री प्रसारण र अश्लिल शब्दहरु प्रयोग गर्ने जस्ता गतिबिधिहरु पनि समावेश हुन सक्छन् । यौन दुर्व्यवहारमा आफ्नै परिवारका सदस्यहरु, आफन्त र परिवार बाहिरका अन्य ब्यक्तिहरुपनि संलग्न हुन सक्छन् ।

## ६. बाल संरक्षण नीती र दायित्व :

६.१. यौन दुर्व्यवहार तथा शोषणलाई जघन्य अपराधिक कार्य मानिन्छ । कुनै पनि व्यक्ति वा समूहबाट यस प्रकारका दुर्व्यवहार गरेको प्रमाणित भएमा निजलाई कानून वमोजिमको सजाय हुनेछ ।

६.२ यौन इच्छा पुरा गर्ने उद्देश्यले बालबालिका तथा नव युवालाई पैसा वा सरसमान दिने, शिक्षा दिने, जागिर दिने, सहयोग गर्ने बहानामा यौनजन्य क्रियाकलाप वा अन्य अपमानजनक कार्य, अवहेलना वा शोषणपूर्ण व्यवहार गर्न निषेध गरिनेछ ।

६.३ १८ वर्ष मुनिका बालबालिकाहरुसँग यौन क्रियाकलाप गर्न निषेध गरिनेछ । उल्लेखित कार्य गरी बालबालिकाहरुको उमेर प्रति अनभिज्ञता प्रकट गर्दैमा त्यस प्रकारको अपराधबाट आफूलाई बचाउ गर्न पाइने छैन ।

६.४ घर, परिवार, छिमेकी, सँगीसाथी, संघसंस्था, कार्यालय आदिका कोही व्यक्तिहरुले कुनै पनि यौन शोषण तथा दुर्व्यवहार गर्ने छैनन् । साथै उक्त दुर्व्यवहार भएको वा हुन सक्ने खतरा सम्बन्धी जानकारी पाएमा सम्बन्धित स्थानीय प्रशासन, प्रहरी कार्यालय, वाल सञ्जाल, वाल क्लव, स्थानीय तह वा स्थानीय कानूनी निकायमा तुरुन्त जानकारी गराउनु पर्दछ ।

६.५ तानसेन नगरपालिका क्षेत्रभित्र कुनै पनि खालका बालबालिकाहरुको शारीरिक, मानसिक, सामाजिक संवेगात्मक खालका दुर्व्यवहार, विभेद, यातना, शोषण तथा बेवास्ता जस्ता बाल अधिकार बिरुद्धका क्रियाकलापहरु पूर्णरुपमा प्रतिबन्ध गरी सम्पूर्ण बालबालिकाको विकास, बाल अधिकार, वाल संरक्षणको प्रत्याभुती दिन यो बाल संरक्षण नीतिको पालना गर्न तानसेन नगरपालिका प्रतिबद्ध छ ।

## ७. नीतिको कार्यान्वयन :

७.१. यस बाल संरक्षण नीतिको कार्यान्वयनको व्यवस्था तथा अनुगमन गर्ने एक आधिकारीक समिति र जिम्मेवार कर्मचारीको व्यवस्था गरिने छ ।

७.२. यस नीतिको पूर्ण कार्यान्वयनको सुनिश्चितताको लागि सम्पूर्ण कर्मचारी तथा पदाधिकारीहरुलाई यस नीति तथा बाल संरक्षण सम्बन्धी कानूनको बारेमा अभिमुखीकरण गरिनेछ । साथै समय र परिबेश अनुसार यस नीतिको पुनरावलोकन गरी परिमार्जन गर्दै लगिनेछ ।

## ८. प्रमुख मानवीय मूल्य र नीति प्रतिको प्रतिबद्धता :

८.१. हामी सम्पूर्ण आधारभुत मानव अधिकारका मूल्य मान्यता तथा सिद्धान्तहरु प्रति प्रतिबद्धता जनाउदछौ ।

८.२. हाम्रो अस्तित्व धर्म निष्पक्षता र जातीय बिभेद रहित नीतिमा आधारित समाजमा मात्र सम्भव छ ।

८.३. हामी सबै मानव परिवारका सदस्यहरुको आत्मसम्मानको रक्षा गर्ने हरपल प्रयास गर्दछौं ।

## ९. हाम्रो सामाजिक दुरदृष्टि

नागरिकहरु बिच ऐक्यबद्धता र मानव बिच आत्मसम्मानको रक्षा भएको आधारभुत मानव अधिकार र विकासको अधिकार सहित शान्त, समतामुलक, न्यायपूर्ण र बालमैत्री शासन भएको समाजको निर्माण गर्दछौ ।

## १०. बाल संरक्षण आचार संहिता (सामान्यतया गर्न हुने र गर्न नहुने काम कुराहरु)

बालबालिकाको संरक्षणको सुनिश्चित गर्न, बालबालिकाको उच्चतम हितको कदर गर्न तथा आफूबाट बालबालिकालाई कुनै पनि किसिमको जोखिम र दुर्व्यवहार हुनबाट जोगाउन निम्न आचार संहिताको निर्माण गरिएको छ । यी मध्ये प्रायजसो हामीले सधैं प्रयोग गर्दै आइरहेका सामान्य प्रक्रियाहरु भित्रकै कुराहरु पर्दछन् । तर पनि सम्पूर्ण कर्मचारी तथा स्यंयसेवकहरुले बालबालिकासँग कार्य गर्दा यी सामान्य प्रक्रियाहरुको प्रयोग भए नभएको कुरामा ध्यान दिनु पर्दछ ।

### १०.१. गर्न हुने कुराहरु :

(क) प्रत्येक ब्यक्तिको गोपनियताको हकको पहिचान गरी उसलाई आदरका साथ ब्यवहार गर्नु पर्दछ ।

(ख) जोखिमपूर्ण र अप्ठ्यारो अवस्था प्रति सचेत भइ त्यसलाई ब्यवस्थित गर्नु पर्दछ ।

(ग) बालबालिकाहरुको संलग्नता हुने कुनै पनि प्रकारका कार्यहरुको योजना बनाउदा तथा त्यस्ता कार्यक्रमहरुको आयोजना गर्दा जोखिम न्यूनीकरण हुने किसिमले गर्नु पर्दछ ।

(घ) कुनै पनि बालबालिकाहरुसँग ब्यक्तिगत रुपले काम गर्दा निजसँग तपाईको कामको उद्देश्य प्रष्ट रुपमा प्रस्तुती गर्नु पर्दछ र निजको अभिभावक तथा स्वेच्छिक संस्थाको अनुमति समेत लिनु पर्दछ ।

(ङ) कुनै पनि बालबालिकाहरुसँग ब्यक्तिगत रुपले काम गर्दा साबधानी अपनाउनु पर्ने खालका कुराहरुलाई सधै ध्यानमा राख्नु पर्दछ ।

(च) बालबालिकाहरुले उनीहरुका सरोकारका बिषयहरुमा अन्य ब्यक्तिहरुसँग छलफल गर्न पाउने अवस्थाको सिर्जना गरिदिनु पर्दछ ।

(छ) बालबालिकाहरुलाई मन नपर्ने आचरण तथा बानी ब्यवहारलाई सहज रुपमा औल्याउनको लागि प्रोत्साहन गर्नु पर्दछ ।

(ज) बिद्यालय वा कुनै पनि संस्थाबाट सञ्चालन हुने हरेक क्रियाकलापहरुमा बाल संबेदनशिलतालाई ध्यान दिदै साझा सवालको रुपमा उनीहरुका सवालका बारे छलफल चलाउनु पर्दछ ।

(झ) बालबालिकाको सर्बोत्तम हितको लागि कुनै पनि जोखिमपूर्ण अवस्थामा काम गर्ने दौरानमा आइपर्ने समस्याहरुलाई तत्काल सम्बोधन र समाधान गर्नु पर्दछ

(ञ) बालबालिका माथि हुने सबै प्रकारका शोषण, हिंसा, दुर्व्यहार र लैंङ्गिक हिंसा गर्नु भनेको राष्ट्रिय तथा अर्न्तराष्ट्रिय रुपमा नै कानूनी मान्यताको उलंघन गर्नु भएकाले यस्ता कार्यहरुलाई संयुक्त राष्ट्रसंघ तथा बालबालिका सम्बन्धी ऐनले निषेधित तथा स्वीकार गर्न नसकिने ब्यवहारका रुपमा यस्ता कार्यहरुको बिरुद्धमा पैरबी गर्नु पर्दछ ।

**१०.२. गर्न नहुने कुराहरु :**

(क) बालबालिकाहरुसँग एक्लै समय बिताउनुहुदैन । उनीहरुसँग  सम्बन्धित कार्यक्रमको योजना गर्दा कम्तिमा एकजना अर्को ब्यक्ति साथमा हुनुपर्दछ वा कार्यक्रम गर्दा अन्य ब्यक्तिहरुले देख्ने वा सुन्ने ठाउँमा हुनुपर्दछ ।

(ख) सुरक्षाको कारण बाहेक अन्य कारणले बालबालिकाहरुलाई आफ्नो सवारी साधनमा एक्लै यात्रा नगराउनु नै उचित हुन्छ । यदि गर्नै पर्ने भएमा उक्त बालबालिकाहरुको संरक्षक वा अन्य कर्मचारीहरुलाई जानकारी दिएर मात्र यात्रा गराउनु पर्दछ । बालिकाको हकमा महिला संरक्षक (अभिभावक) अनिवार्य संलग्न भएको हुनुपर्दछ ।

(ग) अनुचित ध्यान केन्द्रित गराउने खालका ब्यबहारहरु जस्तै : रिस देखाउने वा आकर्षण गराउने कुराहरुमा सकेसम्म समीप वा सरिक नहुने ।

(घ) कसैलाईपनि उसको लिङ्ग, धर्म, शारिरीक बनोट र क्षमता, जाती, भाषा, संस्कृति, भूगोलको आधारमा पक्षपातपूर्ण ब्यबहार नगर्ने ।

(ङ) ख्यालठट्टामा पनि यौनजन्य र हेपाइको हिसावले टिका टिप्पणी वा गिज्याउने काम नगर्ने ।

(च) बालबालिकाहरुलाई मानसिक वा शारीरिक रुपमा हानी हुने खालका क्रियाकलापहरु नगर्ने वा नगराउने ।

(छ) बिद्यालयमा पठनपाठनको सिलसिलामा कुनैपनि बालक र बालिकालाई अनाबश्यक ब्यक्तिगत प्राथमिकता नदिने र सबैलाई समान ब्यबहार गर्ने ।

(ज) नेपालको बालबालिका सम्बन्धी ऐनको भावना अनुसार आफ्नो घर वा ब्यबसायमा १८ बर्ष मुनिका बालबालिकालाई बालश्रमिकको रुपमा प्रयोग नगर्ने ।

(झ) आफ्नो प्रसिद्धि, प्रतिष्ठा वा शक्ति सम्बन्धका आधारमा संरक्षित हुन्छु भनेर ढुक्क नहुने ।

(ञ) कुनपनि बालबलिकाहरुको तस्वीर वा भिडियो लिनुभन्दा अगाडी लिनुको प्रयोजन प्रष्टसँग बुझाई सम्बन्धित बालबालिका वा निजको अभिभावकसँगको स्वीकृतिमा मात्र लिनुपर्नेछ र लिएको तस्वीर वा भिडियो बालबालिकाको हितमा मात्र प्रयोग गर्नुपर्ने हुन्छ ।

(ट) समाजमा सामाजिक बिकृतिका रुपमा रहेको बालबिवाह, बालश्रम शोषण, बाल हिंसा, बाल दुर्व्यवहारलाई प्रश्रय हुने खालका कुनैपनि क्रियाकलापमा सहभागी नहुने ।

(ठ) बालबालिका सम्बन्धी कुनैपनि गोप्य सूचनाको चुहावट गर्न मनाही छ र सही सूचना प्रदान गर्ने र त्यसको गोपनीयताको कुरा उच्चतम प्रथमिकतामा राख्नुपर्नेछ ।

(ड) कानूनले निषेध गरेका बालबिवाह, बालश्रम जस्ता कुराहरुलाई कहि कतैबाट पनि प्रश्रय दिन पाइने छैन र समाजमा भएका त्यस्ता कार्यहरुमा संलग्नता हुन पाइनेछैन ।

**अनुसूची- १**

## प्रतिबद्धता

वाल अधिकार महासन्धी, १९८९ मा अनुमोदन गरेको वाल अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्ने गैरविभेदिकरण (धारा २), सर्वोत्तम हित (धारा ३) सर्वाङ्गिण विकास (धारा ६) र सहभागिता (धारा १२) को सिद्धान्तलाई प्रतिपादन गरेको छ । यिनै सिद्धान्तमा आधारित भई वाल वचाउ, वाल संरक्षण, वाल विकास, वाल सहभागिताका चार क्षेत्रमा केन्द्रित हुँदै वाल अधिकारलाई सम्वोधन गर्नेगरी वालमैत्री स्थानीय शासन प्रणालीको प्रवर्द्धन गर्न वालवालिकालाई शासन व्यवस्थाको प्रतिफल दिलाउन तानसेन नगरपालिका प्रतिवद्धता व्यक्त गर्दछ ।